आज मिति २०८१ साल माघ २३ गते बुधबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८१/८२ को आठौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थितिः</u>

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

<u>आमन्त्रित</u>

शाखा अधिकृत श्री लिलानाथ नेपाल

MB Gautam, खराज पौडेल

प्रस्ताव तथा छलफलका विषयहरू:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. LISA र FRA मुल्याङ्कनको अन्तिम नतिजा प्रकाशन सम्बन्धमा ।
३. तह वृद्धि सम्बन्धमा ।
४. स्विकृत आयोजनाहरुको योजना सम्झौता मिति तोक्ने सम्बन्धमा ।
५. शाखागत जिम्मेवारी तथा पदस्थापन सम्बन्धमा ।
६. अर्धवार्षिक प्रगती समीक्षा गर्ने सम्बन्धमा ।
७. कृषि तर्फको गाउँपालिकालाई प्राप्त शासर्त तर्फका कार्यक्रम संचालन सम्बन्धमा ।
८. सव ईन्जिनियर प्रेम बहादुर वस्नेतको सेवा सुविधा भुक्तानीका लागि सिफारिस गर्ने सम्बन्धमा ।
९. सरकारी सवारी साधन मोटरसाईकल व्यवस्थापन सम्बन्धमा ।
१०. विपन्न नागरिकको किरिया खर्च भुक्तानी सम्बन्धमा ।
११. विविध ।

निर्णयहरू:

निर्णय नं. १

कालिका गाउँपालिकाको मिति २०८१।०९।२४ गते बसेको आ.व. २०८१/०८२ को सातौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गर्दा निर्णयहरु अधिकांश कार्यान्वयन भएको पाईयो ।

निर्णय नं. २

कालिका गाउँपालिकाको गत आ.व. २०८०/०८१ मा सम्पादित कार्यहरुको चालु आ.व. २०८१/०८२ मा गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बाट प्राप्त अन्तिम नतिजा ६८ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन (FRA) बाट प्राप्त अन्तिम नतिजा ७०.५ अंक गाउँपालिकाको वेभसाईट सूचना पाटी र सम्बन्धित पोर्टल मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

वागमती प्रदेश सरकारद्धारा जारी **स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९** को दफा ३० अनुसार तह वृद्धिका लागि गाउँपालिकाद्धारा मिति २०८१/०९/१६ गते प्रकाशित सुचना अनुसार योग्यता पुगेका तपशिलमा उल्लेखित ४ जना कर्मचारीहरुबाट रित पूर्वक पर्न आएका निवेदन उपर छलफल गरी तपशिल बमोजिम गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

हाल कार्यरत पदको विवरण	तह वृद्धि माग भएको पदको विवरण	कार्यपालिकाबाट भएको निर्देशन
कर्मचारीको नाम थर : गोपी पराजुली पद : लेखा अधिकृत स्तर/तह : अधिकृत सातौं सेवा : स्थानीय प्रशासन/लेखा समूह/उपसमूह : लेखा सुरु नियुक्ती मिति : २०७६/०८/१० सातौ तह पद कायम भएको मिति : २०७८/१२/२५	कर्मचारीको नाम थर : गोपी पराजुली पद : वरिष्ठ लेखा अधिकृत स्तर/तह : अधिकृत आठौं सेवा : स्थानीय प्रशासन/लेखा समूह/उपसमूह : लेखा जेष्ठता गणना हुने मिति : २०८१/१०/०१	ऐनको दफा ३० अनुसार तहवृद्धि हुन एक तह मुनीको पदमा ५ वर्ष सेवा गरेको हुनुपर्ने भन्ने उल्लेख भएको, निजको सातौ तह पद कायम भएको मितिबाट सेवाअवधि ५ वर्ष पुरा नहुने देखिएको तर पद कायम गर्ने पत्रमा जेष्ठता गणनाको विषयमा प्रदेश कानुनमा व्यवस्था भएमा सोही अनुसार हुने अन्यथा नियुक्ती मितिबाट जेष्ठता गणना गर्ने भनी उल्लेख भएकोले जेष्ठता गणना गर्दा छैटौं तहमा सुरु नियुक्ती भएको मितिबाट गर्न मिल्ने वा नमिल्ने भनी द्विविधा उत्पन्न भएकोले वागमती प्रदेश लोक सेवा आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय हेटौंडा मकवानपुरमा जेष्ठता गणनाको विषयमा राय माग गरी प्राप्त राय अनुसार गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।
कर्मचारीको नामथर : लिलानाथ नेपाल पद : शाखा अधिकृत स्तर/तह : अधिकृत सातौं सेवा : स्थानीय प्रशासन समूह/उपसमूह : सामान्य प्रशासन सुरु नियुक्ती मिति : २०६८/०७/१७ सातौ तह पद कायम भएको मिति : २०७९/०५/०२	कर्मचारीको नाम थर : लिलानाथ नेपाल पद : वरिष्ठ शाखा अधिकृत स्तर/तह : अधिकृत आठौं सेवा : स्थानीय प्रशासन समूह/उपसमूह : सामान्य प्रशासन जेष्ठता गणना हुने मिति : २०८१/१०/०१	ऐनको दफा ३० अनुसार तहवृद्धि हुन एक तह मुनीको पदमा ५ वर्ष सेवा गरेको हुनुपर्ने भन्ने उल्लेख भएको, निजको सातौ तह पद कायम भएको मितिबाट सेवाअवधि ५ वर्ष पुरा नहुने देखिएको तथा पद कायम गर्दा कार्यपालिकाको निर्णयमा अध्यादेशको दफा २९(१) बमोजिम जेष्ठता गणना हुने गरी भनी निर्णय भएतापनि पद कायम गरिएको पत्रमा जेष्ठता गणनाको विषय उल्लेख नभएको सन्दर्भमा ऐनको दफा ३०(३) मा तह वृद्धिको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनुपुर्व कायम रहेको सेवा समूहको सम्बन्धित समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ भनी उल्लेख भएकोले जेष्ठता गणनाको विषयमा द्विविधा उत्पन्न भएको हुँदा वागमती प्रदेश लोक सेवा आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय हेटौंडा मकवानपुरमा राय माग गरी प्राप्त राय अनुसार गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

कर्मचारीको नाम थर: भुवनराज ढुंगाना पद: वरिष्ठ सहायक स्तर/तह : सहायक पाँचौं सेवा: स्थानीय प्रशासन समूह/उपसमूह: प्रशासन/सामान्य प्रशासन सुरु नियुक्ती मिति : २०७६/०९/०२ हाजिर भएको मिति : २०७६/०९/०२	कर्मचारीको नाम थर : भुवनराज ढुंगाना पद: अधिकृत स्तर/तह : अधिकृतस्तर छैटौं सेवा: स्थानीय प्रशासन समूह/उपसमूह: प्रशासन/सामान्य प्रशासन तहवद्धि निर्णय भएको मिति: २०८१/१०/२३ जेष्ठता गणना हुने मिति: २०८१/०९/०२	ऐन अनुसार आवश्यक प्रक्रिया पुरा गरी तहवद्धि गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।
कर्मचारीको नाम थर : प्रकाश देवकोटा पद: प्राविधिक सहायक स्तर/तह : सहायक पाँचौं सेवा: स्थानीय कृषि सेवा समूह/उपसमूह: बाली विकास सुरु नियुक्ती मिति : २०६९/१०/११ समायोजन निर्णय मिति : २०७५/१२/११ हाजिर भएको मिति : २०७६/०४/०१	कर्मचारीको नाम थर : प्रकाश देवकोटा पद: सहायक वाली विकास अधिकृत स्तर/तह : अधिकृतस्तर छैटौं सेवा: स्थानीय कृषि सेवा समूह/उपसमूह: बाली विकास तहवद्धि निर्णय भएको मिति: २०८१/१०/२३ जेष्ठता गणना हुने मिति: २०८१/०४/०१	ऐन अनुसार आवश्यक प्रक्रिया पुरा गरी तहवद्धि गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं. ४

कालिका गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रमहरु तर्फ पूर्वाधार आयोजनाहरुको योजना सम्झौता मिति २०८१ फागुन मसान्त भित्र सम्पन्न गर्न गराउन सम्बन्धित वडा कार्यालय तथा विषयगत शाखाहरुलाई निर्देश प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

कालिका गाउँपालिकाको अधिकृत सातौं श्री लिलानाथ नेपाललाई प्रशासन, योजना तथा अनुगमन शाखा अन्तरगत प्रशासन इकाईमा पदस्थापन गरी योजना तथा अनुगमन ईकाइको थप जिम्मेवारी प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६

कालिका गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को अर्धवार्षिक समिक्षा कार्यक्रम तपशिलको मिति, स्थान र समयमा गर्ने व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल-

मिति : २०८१/११/०५, स्थान : कालिका गाउँपालिकाको कार्यालय धैवुङ रसुवा र समय : विहान १०:३० बजे

निर्णय नं. ७

कालिका गाउँपालिकालाई चालु आ.व. २०८१/०८२ मा वागमती प्रदेश सरकारबाट प्राप्त वार्षिक स्वीकृत कार्यक्रम तरकारी खेती प्रवद्धन कार्यक्रम (अकवरे खेती) कालिका-३ कार्यक्रममा विनियोजित बजेट रु ५ लाख कार्यान्वयनका लागि प्राप्त कार्यविधीको अधिनमा रही गाउँपालिकाबाट प्रकाशित सूचना अनुसार पर्न आएका निवेदनहरुको मुल्याङ्कन गरी कार्यविधी अनुसार १० वटा कृषि फर्महरु योग्य हुन आएकाले प्रति कृषि फर्म रु. ४५ हजार अनुदान सहयोग उपलब्ध गराउने गरी कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने साथै मौरी पालन विकास कार्यक्रमको कार्यविधी उपलब्ध नभै कार्यक्रम कार्यान्वयन गर्न कठिन भएको भनी कृषि शाखाबाट जानकारी प्राप्त भएकाले गाउँपालिकाबाटै कार्यविधी तयार गरी अध्यक्ष ज्यूबाट स्विकृत गराई कार्यान्वयनको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत कृषि शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८

साविक जिल्ला विकास समिति (हालको जिल्ला समन्वय समिति)को कार्यालय रसुवाबाट स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को व्यवस्था बमोजिम अ.स.ई. सहायकस्तर चौथो तहमा स्थायी नियुक्त पाई संघियता सँग संगै यस गाउँपालिका कामकाजका लागि खटिनु भएका तथा समायोजन ऐन २०७५ अनुसार यस गाउँपालिकामा समायोजन भै कार्यरत सव इन्जिनियर सहायक पाँचौ श्री प्रेम बहादुर वस्नेतको बागमती प्रदेश सरकार द्धारा जारी **स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९** को व्यवस्था अनुसार अनिवार्य अवकासको उमेर हद ५९ वर्ष मिति २०८१/१२/२७ मा पुग्ने भएता पनि बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा मकवानपुरको मिति २०८१/१०/१४ च.नं. १७९१ को पत्रबाट अनिवार्य अवकाशको उमेर सम्बन्धमा भएको पत्राचार अनुसार समायोजना भएका कर्मचारीहरुको अवकाशको उमेर हद सर्वोच्च अदालत संवैधानिक इजलासको व्याख्या अनुसार निजामती सेवा ऐन २०४९ को दफा ३३ मा भएको व्यवस्था अनुसार नै गर्नु/गराउनु भनी जानकारी प्राप्त भएपछि सव इन्जिनियर श्री प्रेम वहादुर वस्नेतले आफुले पाउने ऐन नियमानुसारको सेवासुविधा सहितको अवकाश पाउँ भनी दिएको निवेदन अनुसार निजको सेवासुविधा सहितको अवकाश प्रक्रिया अगाडि बढाउन तथा सेवा सुविधाका लागि जिल्ला समन्वय समिति तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवारमा लेखी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९

कालिका गाउँपालिका र अन्तरगतका कार्यालयमा कार्यरत कर्मचारीहरुले प्रयोग गरी आएको सरकारी सवारी साधन मोटर साईकलको व्यवस्थापन सम्बन्धमा छलफल गर्दा गाउँपालिकाबाट कर्मचारीहरुले पाउने सवारी साधन (मोटरसाईकल, इन्धन र मर्मत समेत) सुविधा सम्बन्धमा व्यवस्था गर्न **कालिका गाउँपालिकाको सवारी साधन तथा इन्धन सूविधा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१** यस भन्दा अगाडी कै कार्यपालिकाबाट स्विकृती भै सकेकोले कार्यविधी कार्यान्वयनका लागि मिति २०८१/१०/२८ गते भित्रमा सबै सरकारी मोटरसाईकल गाउँपालिकाको जिन्सी शाखामा दाखिला गरी कार्यविधी तथा मापदण्ड बमोजिम वितरणको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०

कालिका गाउँपालिका भित्र भवितव्यमा परि मृत्यु भएका विपन्न तथा विपन्न दलित समुदायको व्यक्तिको परिवारका सदस्यहरुबाट किरिया खर्च जुटाउन समेत मुस्किल भएकोले आवश्यक सहयोगका लागि गाउँपालिकामा अनुरोध भै आएका तपशिलमा उल्लेखित मृतकका परिवारलाई किरिया खर्च वापत प्रति मृतक रु.१०,०००।– सहयोग प्रकोप/विपद् व्यवस्थापन कोषबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

क्र.सं.	मृतको नाम थर	निवेदक वा किरिया खर्च पाउनेको नाम	ठेगाना	विनयोजित रकम	कैफियत
१	फुल कुमारी दमिनी	दल बहादुर दमाई	कालिका-२	रु. १०,०००।-	
२	सेती लमिनी (सासु) सार्की तमाङ (पति)	माया तमाङ	कालिका-४	रु. २०,०००।-	

निर्णय नं. ११ विविध १

साविक जिल्ला विकास समिति (हालको जिल्ला समन्वय समिति)को कार्यालय रसुवाबाट स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को व्यवस्था बमोजिम अ.स.ई. सहायकस्तर चौथो तहमा स्थायी नियुक्त पाई संघियता सँग संगै यस गाउँपालिका कामकाजका लागि खटिनु भएका तथा समायोजन ऐन २०७५ अनुसार यस गाउँपालिकामा समायोजन भै कार्यरत सव इन्जिनियर सहायक पाँचौ श्री प्रेम बहादुर वस्नेत बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा मकवानपुरको मिति २०८१/१०/१४ च.नं. १७९१ को पत्रबाट अनिवार्य अवकाश हुनु भएकोले गाउँपालिकामा प्राविधिक कर्मचारीहरुको अभाव सिर्जना भै कार्य सम्पादनमा कठिनाई सिर्जना हुने देखिएको साथै अन्य कर्मचारी करार सेवामा लिन भन्दा निज प्रेम बहादुर बस्नेत जस्तो अनुभवी कर्मचारीबाट गाउँपालिकाले सेवा लिन उपयुर्क्त हुने देखिएकोले स्थायी कर्मचारी पदपुर्ती भै नआए सम्मका लागि गाउँपालिकाको प्राविधिक कर्मचारीको रुपमा निजको योग्यता सँग मिल्ने प्राविधिक पदमा करार सेवामा नियुक्ती गरी कामकाज लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।